# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०६।०२ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु विनोद कुमार पौडेल रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

प्रतिवादी प्रतिवादी विनोद कुमार पौडेलले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) को कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई बिगो रु.७२,०००।-(बहत्तर हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) वमोजिम सजाय हुन मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।१०।०५ को फैसलाबाट सफाई दिएको-ः

- प्रतिवादीको साथबाट बरामद भएको रकम उजुरकर्ताले राम विनोद लामिछानेलाई दिनको लागि आफूलाई दिएको भनी अदालतमा वयान गरेको र सो वयानलाई समर्थित हुने गरी राम विनोद लामिछानेले अदालत समक्ष वकपत्र गरको।उजुरकर्ताले वकपत्रमा बरामद रकम प्रतिवादीले रिसवत वापत लिएको नभई उजुरकर्ताले राम विनोद लामिछानेलाई दिन भनी आफूलाई दिएको भन्ने प्रतिवादीको जिकिर समर्थन भएको,
- प्रतिवादीले उजुरकर्तासँग रिसवत माग गरेको टेलिफोन संवाद नभएको, उजुरी निवेदन र उजुरकर्ताको वकपत्रको आधारमा मात्र प्रतिवादीले रिसवत माग गरेको मान्न नमिल्ने,
- उजुरी निवेदन पर्नु भन्दा अघिनै पहिलो रनिङ्ग विल वापतको रकम भुक्तानी भएको अवस्थामा पहिलो रनिङ्ग विलको भुक्तानी वापत प्रतिवादीले उजुरकर्तासँग रिसवत माग गर्नु पर्ने प्रयोजन नदेखिएको,

बिशेष अदालतको उक्त फैसलाउपर चित्त नबुझी आयोगबाट देहायका आधारहरु लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।०२ मा पुनरावेदन गरिएको छ।

**देहायः**

क. अनुसन्धानको क्रममा कहि कतै राम विनोद लामिछानेको नाम यी प्रतिवादीले उल्लेख नगरेको।केवल सजायबाट उन्मुक्ती पाउने उद्देश्यले मात्र अदालत समक्षको वयानका क्रममा प्रतिवादीले उक्त बरामदीत रकम उजुरकर्ताबाट रिसवत लिएको नभई उजुरकर्ताले राम विनोद लामिछानेलाई दिनको लागि आफूलाई दिएको भन्ने उल्लेख गरेको। उक्त कुरा निज प्रतिवादीकै साक्षी समेत रहेका राम विनोद लामिछानेले बकपत्रमा समर्थन गर्नु कुनै नौलो तथा आश्चर्यको कुरा नभएको।मिसिल संलग्न सवुद प्रमाण र तथ्यबाट यस्तो अवस्था स्थिति देखिदा देखिदै बनावटी कुरा गरी प्रतिवादीले अदालतमा वयान गर्ने र निजका साक्षीले सफेद झुठको वकपत्र गरेको विषयलाई प्रमाणको स्थान दिई भएको फैसला त्रुटीपूर्ण रहेको।

क. उजुरकर्ताको उजुरी निवेदन, प्रवेश मुचुल्का, खानतलासी बरामदी मुचुल्का, होटलको सि.सि.टि.भी फुटेज, निज प्रतिवादीले उजुरकर्तासँग घुस/रिसवत माग गर्दा रेकर्ड भएको वार्तालापको अडियो र निज उजुरकर्ताले निवेदनमा उल्लेख गरे बमोजिमकै नम्वर भएको नगद निज प्रतिवादीको साथबाट बरामद भएको अवस्था र निज उजुरकर्ता लगायत वादी पक्षका साक्षीहरुले अदालत समक्ष गरेको वकपत्रमा उल्लेख गरेको व्यहोराको कुनै मूल्यांकन नगरी केवल प्रतिवादीले अदालतमा गरेको वयान र प्रतिवादीको साक्षीले प्रतिवादीसंग मिलेमतो गरी गरेको वनावटी वकपत्रको मात्र आधार ग्रहण गरी प्रतिवादीलाई सफाई दिने उद्देश्य राखी प्रमाणको गैर न्यायिक व्याख्या गरी एकतर्फी रुपमा गरिएको फैसला कानूनको रोहमा त्रुटीपूर्ण रहेको।

ख. प्रतिवादीले विल भरपाई पास गर्दा घुस/रिसवत ३% कार्यालयलाई १% आफू साईट ईन्जिनियरलाई चाहिन्छ भनेको। निज विनोद कुमार पौडेलले घुस रकम रु.७२,०००।- पहिलो रनिङ विल वापत मागेको हो" भन्ने व्यहोराले उक्त

बरामदीत रकम रु.७२,०००।-पहिलो रनिङ विल वापतको प्रतिवादीले उजुरकर्तासँग माग गरिएको घुस/रिसवत वापतको रकम हो भन्ने स्पष्ट खुलेको र सोही व्यहोरा उजुरकर्ताले अदालत समक्षको वकपत्रमा समेत उल्लेख गरेक।केबल प्रतिवादीलाई सजायबाट उन्मुक्ति दिलाउने एक मात्र अभिप्राय राखी उजुरी निवेदन पर्नु भन्दा अघिनै पहिलो रनिङ्ग विल वापतको रकम भुक्तानी भएको अवस्थामा पहिलो रनिङ्ग विलको भुक्तानी वापत प्रतिवादीले उजुरकर्तासँग रिसवत माग गर्नु पर्ने प्रयोजन नदेखिएको भन्ने आधार ग्रहण गरी भएको उक्त फैसला त्रुटिपूर्ण हुँदा वदरभागी रहेको।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| | विनोद कुमार पौडेल (विशेष अदालतको मुद्दा नं. ०७८-CR-००१७ र फैसला मिति २०८०/१०/०५) | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | प्रतिवादी विनोद कुमार पौडेलले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) को कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई बिगो रु.७२,०००।- (बहत्तर हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) वमोजिम सजाय हुन | **फैसलाः**<br>प्रतिवादी विनोद कुमार पौडेलले आरोपीत कसूरबाट सफाई पाउने ठहर गरी फैसला भएको।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**क.** प्रतिवादीको साथबाट बरामद भएको रकम उजुरकर्ताले राम विनोद लामिछानेलाई दिनको लागि आफूलाई दिएको भनी अदालतमा वयान गरेको र सो वयानलाई समर्थित हुने गरी राम विनोद लामिछानेले अदालत समक्ष वकपत्र गरको। उजुरकर्तासंग राम विनोद लामिछानेको नाता सम्वन्ध खुलाउनु भनी गरेको प्रश्नमा यस विषयमा बोल्न चाहदिन भन्ने उजुरकर्ताले वकपत्रमा उल्लेख गरेकोले बरामद रकम प्रतिवादीले रिसवत वापत लिएको नभई उजुरकर्ताले राम विनोद लामिछानेलाई दिन भनी आफूलाई दिएको भन्ने प्रतिवादीको जिकिर समर्थन भएको।<br>**ख.** प्रतिवादीले उजुरकर्तासंग रिसवत माग गरेको टेलिफोन संवाद नभएको, उजुरी निवेदन र उजुरकर्ताको वकपत्रको आधारमा मात्र प्रतिवादीले रिसवत माग गरेको मान्न नमिल्ने।<br>**ग.** उजुरी पर्नु भन्दा अघि नै पहिलो रनिङ्ग विल वापतको रकम मिति २०७८।३।३० मा भुक्तानी भएको देखिएको छ। उजुरी निवेदन पर्नु भन्दा | **उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ**<br>**क.** प्रतिवादीबाट बरामदीत रकम एक जना भाईले खाजा खाएको विल तिर्न दिएको रकम हो भनी अनुसन्धानको वयानमा खुलाएका छन् एक जना भाई कसले भन्ने खुलाएको अवस्था छैन। अनुसन्धानकै वयानको स.ज. ९ मा "बुढानिलकण्ठ नै बस्ने भएका कारण उजुरकर्ता बुढानिलकण्ठको प्रतिनिधी मान्छे चिन्छु नाम थाहा छैन। पहिलादेखि नै चिन्छु नाता छैन, लेनदेन व्यवहार थिएन" भन्ने खुलाएका छन् अनुसन्धानको क्रममा कहि कतै राम विनोद लामिछानेको नाम यी प्रतिवादीले उल्लेख गरेको अवस्था छैन। केवल सजायबाट उन्मुक्ती पाउने उद्देश्यले मात्र अदालत समक्षको वयानका क्रममा प्रतिवादीले उक्त बरामदीत रकम उजुरकर्ताबाट रिसवत लिएको नभई उजुरकर्ताले राम विनोद लामिछानेलाई दिनको लागि आफूलाई दिएको भन्ने उल्लेख गरेको पाईन्छ। जुन व्यहोरालाई निज प्रतिवादीकै साक्षी समेत रहेका राम विनोद लामिछानेले वकपत्रमा समर्थन गर्नु कुनै नौलो तथा आश्चर्यको कुरा होइन। मिसिल संलग्न सवुद प्रमाण र तथ्यबाट यस्तो अवस्था स्थिति देखिदा देखिदै बनावटी कुरा गरी प्रतिवादीले अदालतमा वयान गर्ने र निजका साक्षीले सफेद झुठको वकपत्र गरेको विषयलाई प्रमाणको स्थान दिई भएको फैसला त्रुटीपूर्ण रहेको छ।<br>**ख.** बुढानिलकण्ठ नगरपालिका वडा नं. १ का वडा अध्यक्ष नविन के.सी.ले अनुसन्धानका क्रममा गर्नु भएको कागजमा "मिति २०७८।०४।२२ गते प्रहरी निरीक्षकले सर्जिमिन मुचुल्कामा रोहवरमा बस्न पर्‍यो भन्ने खवर गरे पश्चात कार्य व्यस्तताले केहिवेर पछि मात्र उक्त स्थानमा पुगी घटना बारे अवगत भयो। नगरपालिकामा कार्यरत सब ईन्जिनियर विनोद कुमार पौडेल घुस/रिसवत सहित अख्तियारको फन्दामा परेको पूर्ण जानकारी भयो भनी उल्लेख गरेकोमा निर्वाचित जन प्रतिनिधि जस्तो व्यक्तिले अदालत समक्षको वकपत्रमा पहिले अनुसन्धानका क्रममा गरेको आफ्नै कागजको व्यहोरा खण्डित हुने गरी प्रतिवादीलाई सजायबाट उन्मुक्ती दिने अभिप्रायले मात्र नभएका नभनेका कुराहरु मनोगत रुपमा उल्लेख गरी वकपत्र गरेको पुष्टि हुन्छ। प्रतिवादीले सरकारी साक्षीलाई प्रभावित पारेको तथ्य मिसिल संलग्न स्वतन्त्र सवूद प्रमाणबाट देखिएको विषयमा न्यायको रोहमा कुनै ध्यान पुगेको देखिएन। उजुरकर्ताको उजुरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अघिनै पहिलो रनिङ्ग विल वापतको रकम भुक्तानी भएको अवस्थामा पहिलो रनिङ्ग विलको भुक्तानी वापत प्रतिवादीले उजुरकर्तासंग रिसवत माग गर्नु पर्ने प्रयोजन नदेखिएको | निवेदन, प्रवेश मुचुल्का, खानतलासी बरामदी मुचुल्का, होटलको सि.सि.टि.भी फुटेज, निज प्रतिवादीले उजुरकर्तासंग घुस/रिसवत माग गर्दा रेकर्ड भएको वार्तालापको अडियो र निज उजुरकर्ताले निवेदनमा उल्लेख गरे बमोजिमकै नम्वर भएको नगद निज प्रतिवादीको साथबाट बरामद भएको अवस्था र निज उजुरकर्ता लगायत वादी पक्षका साक्षीहरुले अदालत समक्ष गरेको वकपत्रमा उल्लेख गरेको व्यहोराको कुनै मूल्यांकन नगरी केवल प्रतिवादीले अदालतमा गरेको वयान र प्रतिवादीको साक्षीले प्रतिवादीसंग मिलेमतो गरी गरेको वनावटी वकपत्रको मात्र आधार ग्रहण गरी प्रतिवादीलाई सफाई दिने उद्देश्य राखी प्रमाणको गैर न्यायिक व्याख्या गरी एकतर्फी रुपमा गरिएको फैसला कानूनको रोहमा त्रुटीपूर्ण रहेको छ।<br><br>**ग.** विशेष अदालतले फैसला गर्दा लिएको दोस्रो आधार तर्फ हेर्दा, रिसवत माग गर्ने कुरा आफैमा गैरकानूनी कार्य हो भन्ने कुराको जानकार निज कसूरदारले सम्भव भएसम्म आफू जोगिने किसिमले मात्र भौतिक रुपमा कुराकानी, संवाद र टेलिफोन वार्ता गर्दा रेकर्ड नरहने सुनिश्चित गरी गरेको हुन्छ। रिसवत माग गरेको टेलिफोन संवाद नहुदैमा घुस/रिसवत माग गरेकै थिएन भनी टेलिफोन सम्वाद नै घुस/रिसवत कसूर स्थापित गर्ने अनिवार्य तत्व जस्तो गरी मिसिल संलग्न कसूर स्थापित गर्ने यावत अधिक प्रमाण शून्य हुने गरी व्याख्या गर्न मिल्ने हुदैन। यहाँ उजुरी निवेदन र उजुरकर्ताको वकपत्र मात्र यस मुद्दाको प्रमाण होइन, उजुरी निवेदनलाई पुष्टि गर्ने मिसिल संलग्न प्रवेश मुचुल्का, खानतलासी/बरामदी मुचुल्का, उजुरकर्ताले पेश गरेको घुस/रिसवत माग गर्दाको वार्तालापको अडियो, सब्रिना होटलबाट प्राप्त भएको प्रतिवादीले घुस/रिसवत लिनु अघि, लिदा र लिए पश्चातको फुटेज, प्रतिवेदक तथा विशेषज्ञको बकपत्र लगायतका प्रमाणहरुको कुनै मूल्यांकन नै नगरी केवल घुस/रिसवत माग गरेको टेलिफोन संवाद नभएको भन्ने आधार ग्रहण गरी भएको उक्त फैसला सरासर त्रुटीपूर्ण रहेको छ।<br><br>**घ.** विशेष अदालतले फैसला गर्दा ग्रहण गरेको अर्को आधार तर्फ हेर्दा, उजुरकर्ताले अनुसन्धानको क्रममा गरेको वयानको स.ज. ६ मा "फाईल लेखामा लग्दा निज प्रतिवादीले तिमिहरुको काम वन्छ काम बनेपछि हरेक रनिङ विलमा पैसा आउनु पर्छ भन्नु भएको थियो। पहिलो रनिङ विलको पैसा मिति २०७८।०३।३० गते पाए। विल पास भएपछि मैले घुस रकम दिइन र मिति २०७८।०४।१७ गते निज ईन्जिनियरले खै त तिमिहरुले सम्झेको भनी फोन भयो। मेरो मनसाय घुस/रिसवत नदिने थियो। म घुस पनि दिन्न काम पनि राम्रो गर्छु भन्ने सोचमा बसिरहे। फिल्डमा काम हुदै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | थियो। दोस्रो रनिङ विल बनाउने भन्ने कम्पनीमा छलफल भई रहदा निजले खै त तिमिहरु म आज फ्रि छु कहिले भेट्छस भनी फोन सम्पर्क भयो। मेरो घुस दिने मनसाय थिएन र मैले तत्काल अ.दु.अ.आयोगमा खवर गरी निवेदन समेत पेश गरे। निजले विल भरपाई पास गर्दा घुस/रिसवत ३% कार्यालयलाई १% आफू साईट ईन्जिनियरलाई चाहिन्छ भनेको हो। निज विनोद कुमार पौडेलले घुस रकम रु.७२,०००।— पहिलो रनिङ विल वापत मागेको हो" भन्ने व्यहोराले उक्त बरामदीत रकम रु.७२,०००।- पहिलो रनिङ विल वापतको प्रतिवादीले उजुरकर्तासंग माग गरिएको घुस/रिसवत वापतको रकम हो भन्ने स्पष्ट खुलेको अवस्था छ भने सोही व्यहोरा उजुरकर्ताले अदालत समक्षको वकपत्रमा समेत उल्लेख गरेका छन्। केबल प्रतिवादीलाई सजायबाट उन्मुक्ति दिलाउने एक मात्र अभिप्राय राखी उजुरी निवेदन पर्नु भन्दा अघिनै पहिलो रनिङ्ग विल वापतको रकम भुक्तानी भएको अवस्थामा पहिलो रनिङ्ग विलको भुक्तानी वापत प्रतिवादीले उजुरकर्तासंग रिसवत माग गर्नु पर्ने प्रयोजन नदेखिएको भन्ने आधार ग्रहण गरी भएको उक्त फैसला त्रुटिपूर्ण हुँदा वदरभागी छ। |